आज मिति २०७६/०८/ ०१ गते आइतबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेसेन गु ज्यूको संयोजकत्वमा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताव उपर छल गरि देहायनुसार निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| नाम थर | पद |
|---|---|
| श्री फेन्चोक छेसेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| श्री चिरन्जीबी बराल | प्रमुख प्रशासकिय अधिकृत |
| श्री विर वहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्ग्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिङ नाम्गेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङमो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवि गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छिरिङ आङ्ग्याल गुरुङ | |

अन्य उपस्थिति

श्री सूर्य प्रसाद तिमिल्सिना

श्री बलेन्द्र रामहरिजन

**प्रस्ताव नम्बर १ :** गुरुयोजना निर्माणको कार्यशर्त विवरण (TOR) स्वीकृत गर्ने सम्बन्धमा ।

**प्रस्ताव नम्बर २ :** च्यांग्रा आवातजावत गर्ने पुल छनौट(३ वटा) सम्बन्धमा ।

**प्रस्ताव नं. ३ :** पर्यटकीय गन्तब्य छनौट सम्बन्धमा ।

**प्रस्ताव नं. ४ :** योजना परिवर्तन सम्बन्धमा ।

**प्रस्ताब नं. ५** :सवारी चालक नियुक्ति सम्बन्धमा ।

**प्रस्ताब नं. ६** : अतिरिक्त भत्ता सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नम्बर १** : प्रस्ताब नम्बर १ माथि छलफल गर्दा गाउँपालिकाको गुरुयोजना निर्माणको लागि यसैसाथ संलग्न कार्यशर्त विवरण (TOR) स्विकृत गर्ने र सम्झौताका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नम्बर २** : प्रस्ताब नम्बर २ माथि छलफल गर्दा जिल्ला समन्वय समिति,मुस्ताङको मिति २०७६/०७/१९,च.नं. १३० को पत्रमा माग भए बमोजिम गाउँपालिका भित्र च्यांग्रा चरण एबम सहज आवात जावतको लागि तपशिल बमोजिमको स्थान छनौट गर्ने निर्णय गरियो ।

-न्हूक्चु लुम्बा खोला (समर)-१० मि.

-तेताङ छोक्राम (नर्सिङ खोला)-६० मि.

-कागबेनी-यिली -३० मि.

**निर्णय नम्बर ३** : प्रस्ताब नम्बर ३ माथि छलफल गर्दा उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशको मिति २०७६/०५/२२,च.नं. २६४ मा माग भए बमोजिम तपशिल बमोजिमका पर्यटकीय गन्तब्य छनौट गर्ने निर्णय गरियो ।

- ल्हुङभूक गुफा,स्थान-धाकरझोङ फल्याक

-गोम्बाधाङ गुफा,स्थान-छुसाङ

-म्हब्राक गुफा ,स्थान-झोङ

**निर्णय नम्बर ४**: प्रस्ताब नम्बर ४ माथि छलफल गर्दा आ.व. २०७६/७७ को वडा नं. ४ को योजना अन्तर्गत कागबेनी समाज घरको लागि २० लाख बिनियोजन गरिएकोमा उक्त कार्यक्रम भन्दा श्योन/श्याङ्गु तारबार योजना अत्यावश्यक देखिएको हुँदा योजना शिर्षक संसोधन गरी श्योन/श्याङ्गु तारबार योजना कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ५**: प्रस्ताब नम्बर ५ माथि छलफल गर्दा यस कार्यालयमा सवारी चालक पद रिक्त रहेको हुँदा करारमा नियुक्तिको लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नम्बर ६** : प्रस्ताब नम्बर ६ माथि छलफल गर्दा गाउँपालिकामा कर्मचारीको अभाबका कारण कार्यालय समय बाहेक अतिरिक्त समय समेत काम गर्नुपर्ने हुनाले गाउँपालिकामा कार्यालय सहयोगीको रुपमा कार्यरत छिरिङ घ्याल्पो गुरुङलाई खाइपाई आएको तलबमा अतिरिक्त मासिक ३०००/-(अक्षरुपी तिन हजार मात्र) थपका दरले दिने निर्णय गरियो ।